अध्याय ३

# लेवी, गन्ती, व्यवस्था

यस पाठमा हामी मोशाका पछिल्ला तीनओटा पुस्तकहरूलाई अध्ययन गर्न चाहन्छौं । हामी **लेवी**को पुस्तकबाट सुरु गरौं:

## लेवी – पवित्र परमेश्वरको उपासना

लेवी ***उपासना सम्बन्धी*** पुस्तक हो । यसमा इस्राएलका सन्तनाहरूलाई उनीहरूले **परमेश्वरसित कसरी ठीक सम्बन्ध गाँस्न र कसरी परमेश्वरसित ठीक सम्बन्ध कायम राख्न सक्छन्** भन्ने कुरा सिकाइएको छ । पापी मानिसहरू कसरी पवित्र परमेश्वरको उपासना गर्न सक्छन् ? यस प्रश्नको जवाफ लेवीको पुस्तकले दिन्छ ।

### यस पुस्तकको नाम किन "लेवी" राखियो ?

लेवी ____________ का बाह्र छोराहरूमध्ये एक थिए (प्रस्थान १:१–२) । यस पुस्तकले लेवीका छोराहरूको बारेमा धेरै कुराहरू बताउँछ । लेवीका छोराहरू अर्थात् सन्तानहरू पनि "**लवीहरू**" कहलिन्छन् (हेर्नुहोस् लूका १०:३२) । के मोशा लेवीका सन्तानमध्येका थिए (प्रस्थान २:१–३,१०) ? ____________

मोशाका दाजु हारून लेवीकै सन्तान थिए । परमेश्वरले हारूनलाई चुन्नुभयो र तिनमा एउटा विशेष किसिमको काम गर्नुभयो । परमेश्वरले तिनलाई एउटा पूजाहारी बनाउनुभयो (प्रस्थान २८:१) । साथै, हारूनका सबै छोराहरू पूजाहारीहरू बनाइए । हारूनका परिवारका बाहेक अरू कोही पनि पूजाहारी बन्न सक्दैनथे ।

**लेवीका छोराहरू – तिनीहरू नै लेवीहरू हुन्**


**हारूनका छोराहरू – तिनीहरू नै पूजाहारीहरू हुन्**

लेवीको पुस्तकले "हारूनका छोराहरू" (पूजाहारीहरू) को बारेमा धेरै कुरा बताउँदछ । लेवी अध्याय १ मा "हारूनका छोराहरू" भनेर उल्लेख गर्ने पदहरू भेट्टाएर तिनलाई यहाँ सूचित गर्नुहोस्: ___________________ । लेवीको पुस्तक **पूजाहारीहरूका निम्ति** परमेश्वरबाट दिइएको **निर्देशिका पुस्तक** थियो । मानिसहरूलाई उपासना कार्यमा नेतृत्व गर्न लेवी र पूजाहारीहरू खटाइएका थिए । उनीहरूले जान्नुपर्ने कुराहरू परमेश्वरले यस पुस्तकमा बताइदिनुभएको थियो ।

### चाबी शब्द

लेवीको पुस्तकको चाबी शब्द हो, "**पवित्र**" । यस पुस्तकमा उक्त शब्द ८० पटकभन्दा बढी पाइन्छ । उदाहरणको लागि, लेवी २१ औं अध्यायमा **पवित्र** भन्ने शब्द कति पटक भेटिन्छ ? ________

साथै, लेवीको पुस्तकमा "**पाप**" र "**अशुद्धता**" भन्ने शब्दहरू धेरै पटक भेटिन्छन् । मानिस पापी छ, अशुद्ध छ । परमेश्वर पवित्र, शुद्ध र पापरहित हुनुहुन्छ । पापी मानिस कसरी पवित्र परमेश्वरको नजिकमा आउन सक्छ ? एक अशुद्ध, फोहोरी मानिसले निष्कलङ्क र शुद्ध परमेश्वरको उपासना गर्न कसरी सम्भव छ ?




यशैया ५९:२

## परमेश्वरकहाँ आउने बाटो


पवित्र परमेश्वरकहाँ आउन पापी मानिसलाई एउटै मात्र बाटो छ। ऊ परमेश्वरकहाँ **बलिदान**को बाटो भएर आउनुपर्छ ! लेवीको पुस्तकले पशु बलिहरूको बारेमा धेरै कुरा बताउँछ। ख्रीष्टले एक दिन क्रूसमा सबैका लागि गर्नुहुने कामको चित्रणस्वरूप यी सबै बलिदानहरू चढाइन्थे। हामी यी बलिदानहरूका बारेमा लेवीको सुरुका अध्यायहरूमा पढ्न सक्छौं। यी पशु बलिहरूले एउटा महत्त्वपूर्ण सन्देश दिन्थे:

१. **रगत** बहाइनैपर्छ। *येशू ख्रीष्टले हाम्रो निम्ति आफ्नो रगत बहाउनुभयो (हिब्रू ९:२२)।*

२. एक निर्दोष **प्रतिस्थापक** मर्नैपर्छ। पापी मर्नुको सट्टा एउटा निर्दोष पशु मारिनैपर्छ। *येशू ख्रीष्ट हाम्रो **प्रतिस्थापक** बनी मर्नुभयो (१ कोरिन्थी १५:३; रोमी ५:८)।*

३. पापको निम्ति **मृत्यु दण्ड** अनिवार्य छ। *येशू ख्रीष्ट हाम्रो निम्ति मर्नुभयो (रोमी ५:६,८)।*

बलिदानले पापी मानिसलाई पवित्र परमेश्वरकहाँ आउन सक्ने तुल्याउँदछ। बलिदानले पापी मानिसलाई पवित्र परमेश्वरको उपासना गर्ने सक्ने तुल्याउँदछ:




के तपाईं बलिदानको बाटो भएर परमेश्वरकहाँ आइसक्नुभयो (१ पत्रुस ३:१८) ? ___________

## लेवीको चाबी पद

यस पुस्तकको चाबी पद लेवी १९:२ मा भेटिन्छ – "तिमीहरू __________ होओ, किनभने म, ____________ तिमीहरूका _____________, __________ छु।" लेवी ११:४४,४५; २०:७,२६ मा पनि हेर्नुहोस्। पहिलो पत्रुसको अध्याय १ मा पनि यही कुरा कुन पदमा भेटिन्छ ? पद ______

**परमेश्वर पवित्र हुनुहुन्छ।** उहाँ सबै पाप र अशुद्धताबाट पूर्णरूपमा अलग हुनुहुन्छ। उहाँ पवित्र र पापरहित हुनुहुन्छ।

**उहाँका जनहरू पवित्र हुनु परमेश्वरको इच्छा हो।** आफ्ना जनहरू सबै पाप र अशुद्धताबाट अलग भएको परमेश्वर चाहनुहुन्छ। जो उहाँका जनहरू होइनन्, तिनीहरूभन्दा उहाँका जनहरू फरक हुनु परमेश्वरको इच्छा हो। के परमेश्वरले उहाँका जनहरू मिस्रीहरूभन्दा **फरक** भएको चाहनुभयो (लेवी १८:३) ? ____________। के परमेश्वरले उहाँका जनहरू प्रतिज्ञाको देश (कनान देश) का बासिन्दाहरूभन्दा फरक भएको चाहनुभयो (लेवी १८:३) ? ____________

© Wordoftruth Publishing (2010) – *wordoftruth.com.np*

तपाईं नि ? यदि तपाईं एक ख्रीष्टियन हुनुहुन्छ भने के तपाईं अख्रीष्टियनहरूभन्दा फरक भएको परमेश्वर चाहनुहुन्छ ? ______________ (हेर्नुहोस् रोमी १२:२; एफेसी ४:१७) ? किन ? कसरी ?

लेवीको पुस्तक पढ्दै जाँदा र ती सबै बलिदानहरूको बारेमा सिक्दै जाँदा, हामीले यो सम्झनुपर्छ, **येशू ख्रीष्ट हाम्रो बलिदान** हुनुहुन्छ (१ यूहन्ना २:२) । हामीले अनन्त जीवन पाऔं भनेर उहाँ मर्नुभयो ।

लेवीको पुस्तक पढ्दै जाँदा र ती पूजाहारीहरू (हारूनका छोराहरू) को बारेमा सिक्दै जाँदा, हामीले यो सम्झनुपर्छ, येशू ख्रीष्ट हाम्रो महापूजाहारी हुनुहुन्छ (हिब्रू ८:१) । उहाँद्वारा हामी पवित्र परमेश्वरकहाँ आउन सक्छौं !

प्रस्थानको पुस्तकबाट सिकेको कुरालाई हामी याद गरौं । प्रस्थानमा मानिसहरू दासत्वबाट निकालिए र **परमेश्वरको नजिकमा ल्याइए** । अब लेवीमा मानिसहरू **परमेश्वरको नजिकमा बस्नसक्ने** बनाइन्छन् । जसले विश्वास गर्दछ उसको लागि **परमेश्वरकहाँ आउने बाटो मुक्तिदाताको <u>मृत्यु</u>द्वारा** खुल्ला पारिएको छ । विश्वासी जनको **परमेश्वसँगको हिंडाइ** चाहिं **मुक्तिदाताको <u>जीवन</u>द्वारा** ऊ अलग पारिएको हुनाले सम्भव छ र ऊ पापबाट अलग भएर जिउन ऊ जिम्मेवार छ ।

**टिप्पणी**: आज्ञाहरूमा दोस्रो ठूलो चाहिं लेवीको पुस्तकमै छ भन्ने कुरा के तपाईंलाई थाहा थियो ? पढ्नुहोस् मत्ती २२:३६–<u>३९</u> । लेवीको अध्याय १९ को कुन पदमा यो दोस्रो ठूलो आज्ञा भेटिन्छ ? पद _______

# गन्ती – अविश्वासको समस्या

## यसको शीर्षक किन "गन्ती" राखियो ?

यस पुस्तकलाई "गन्ती" भनिन्छ किनभने दुई बेग्ला–बेग्लै समयमा इस्राएलका सन्तानहरूको "गन्ती" अथवा जनगणना गरिएको कुरा यसमा उल्लेख छ । पहिलो गणना गन्ती अध्याय १ मा भेटिन्छ । योचाहिं इस्राएलका सन्तानहरूले लाल समुद्र पार गरेको केही समयपछि गरिएको गणना थियो । दोस्रो गणना गन्ती अध्याय २६ मा पाइन्छ । योचाहिं करिब ४० वर्ष पछाडि गरिएको गणना थियो अर्थात् इस्राएलका सन्तानहरू प्रतिज्ञाको देशभित्र प्रवेश गर्नु ठीक अगाडी ।

त्यहाँ कतिजना थिए त ? युद्धमा जान सक्ने पुरुषहरू अर्थात् बीस वर्षदेखि माथिकाहरूको मात्र गणना गरिएको थियो (गन्ती १:३) । यी मानिसहरूको जम्मा सङ्ख्या कति थियो ? ____________________

त्यहाँ लगभग त्यति नै सङ्ख्यामा स्त्रीहरू पनि निश्चय नै थिए । नानीहरूको समेत हिसाब गरियो भने त्यहाँ जम्माजम्मी करिब **२० लाख** (२०,००,०००) मानिसहरू थियो भन्ने अनुमान गर्न सकिन्छ ! यो त ठूलो जमात हो !

गन्ती अध्याय २६ मा कतिजनाको गणना गरियो (गन्ती २६:५१ मा हेर्नुहोस्) ? ________________ । यीचाहिं प्रतिज्ञाको देशभित्र प्रवेश गर्नेहरू थिए (करिब २० लाख नै) ।

गन्तीको पुस्तकलाई **यात्राको पुस्तक** मान्न सकिन्छ अर्थात् यस संसारको उजाडस्थान भएर यात्रा गर्नालाई चाहिने मार्ग निर्देशिका । विश्वासी जन **परमेश्वरको महिमाको लागि** <u>यस संसारलाई पार</u> गर्दै र <u>समयलाई पार गर्दै</u> अगाडी बढ्नुपर्छ, हामी बिनाटुङ्गो, यता र उता गर्दै घुमेको घुमै गरिरहेको परमेश्वर चाहनुहुन्न । गन्ती पुस्तकको विषयवस्तु यही हो ।

## यस संसारमा हामी कसरी हिंड्नुपर्छ ?

परमेश्वरका जनहरू यस संसारमा कसरी हिंड्नुपर्छ, कसरी जिउनुपर्छ ? २ कोरिन्थी ५:७ मा बाइबलले भन्दछ, "किनकि हामी रूप देखेर होइन तर ____________द्वारा हिंड्छौं । " यस संसारमा हामी **विश्वासद्वारा** (परमेश्वरलाई विश्वास गर्दै, परमेश्वरका प्रतिज्ञाहरूलाई विश्वास गर्दै) हिंड्नुपर्छ । हामी विश्वासको बाटोमा हिंड्नु नै परमेश्वरको इच्छा हो ।

यही गर्न इस्राएलका सन्तानहरू <u>असफल</u> भए । तिनीहरूले अविश्वासको खतरापूर्ण बाटो अपनाए । परमेश्वरले इस्राएलका सन्तानहरूलाई एउटा **ठूलो प्रतिज्ञा** दिनुभएको थियो । परमेश्वरले तिनीहरूलाई कुन कुरा दिने प्रतिज्ञा गर्नुभएको थियो (गन्ती १३:२) ? ___________________________ । यसैकारण कनान देशलाई प्रतिज्ञाको देश भनिन्छ । परमेश्वरले यो देश इस्राएलका सन्तानहरूलाई दिने प्रतिज्ञा गर्नुभयो । यसर्थ उनीहरू त्यो देशभित्र प्रवेश गर्नेवाला थिए र परमेश्वरले उनीहरूलाई उनीहरूका शत्रुहरूमाथि पूर्णरूपमा **विजय** दिनालाई तयार हुनुहुन्थ्यो । गन्तीको पुस्तक पढ्ने क्रममा हामी सिक्छौं, इस्राएलका सन्तानहरूले परमेश्वरको त्यो ठूलो प्रतिज्ञालाई विश्वास गरेनन् ।

© Wordoftruth Publishing (2010) – ***wordoftruth.com.np***

## इस्राएलको अविश्वास

इस्राएलको अविश्वासको कहानी गन्ती १३ र १४ अध्यायहरूमा पढ्न सकिन्छ । प्रतिज्ञाको देशको भेद लिन परमेश्वरले बाह्रजना गुप्तचरहरूलाई पठाउनुभयो । यी गुप्तचरहरू देशभित्र पसे र त्यहाँ बडेमाका मान्छेहरू देखे । यीचाहिँ गोल्यत जत्रा मानिसहरू थिए (गन्ती १३:३१–३३ मा हेर्नुहोस्) । गुप्तचरहरूमध्ये दुईजना, यहोशू र कालेबले यी बडेमाका मानिसहरूभन्दा परमेश्वर नै ठूलो हुनुहुन्छ र उहाँले उनीहरूलाई त्यो देश दिन सक्नुहुन्छ भनेर विश्वास गरे । अरु दसजना गुप्तचरहरूले भने परमेश्वर यी मानिसहरूभन्दा ठूलो हुनुहुन्छ भन्ने कुरामा **विश्वास गरेनन्** ।

अब सारा समुदाय (करिब २० लाखको जमात) ले रोज्नुपर्ने भयो: हामी यहोशू र कालेबले जस्तै परमेश्वरमाथि विश्वास गरौं कि परमेश्वरमाथि विश्वास नगरी अरु दसजना जस्तै फिक्रीमा डुबौं ? तिनीहरूले के रोजे ? के तिनीहरूले यहोशू र कालेबको विश्वासलाई पछ्याए कि अरु दसजना गुप्तचरहरूको अविश्वासलाई पछ्याए (हेर्नुहोस् गन्ती १४:१–१०) ? ________ ______________________________________________

## अविश्वासले आशिषलाई रोक्छ

उनीहरूको अविश्वासको कारणले गर्दा इस्राएलका सन्तानहरूले कडा दण्ड पाए । यी मानिसहरूले कहिल्यै त्यो ________ देख्न पाएनन् जुनचाहिँ परमेश्वरले उनीहरूलाई दिने प्रतिज्ञा गर्नुभएको थियो (गन्ती १४:२३) । बरु उनीहरूलाई परमेश्वरले वर्षौंसम्म उनीहरू नमरेसम्म उजाडस्थानमै घुमिरहनुपर्ने सजाय दिनुभयो (गन्ती १४:२९) । गन्ती अध्याय १ मा गणना गरिएका ती हजारौं हजार मानिसहरू सबै नै उजाडस्थानमा मरेर जाने भए (यसको लागि करिब ३८ वर्ष लाग्ने भयो) । केवल दुईजना मात्र बाँच्ने र प्रतिज्ञाको देशभित्र पस्ने भए । ती दुईजनाका नामहरू के थिए (गन्ती १४:३०) ? १) ____________ २) ____________ । बाँकी सबै नै "यसै _________________मा" मर्ने भए (गन्ती १४:३५) ।

इस्राएलका सन्तानहरू परमेश्वरका आशिषहरूदेखि बञ्चित भए ! तिनीहरू दूध र मह बग्ने त्यो असल देशभित्र पस्नदेखि बञ्चित भए ! तिनीहरूले ती बडेमाका मानिसहरूमाथि परमेश्वरले अचम्मसित विजय दिलाउनुभएको देख्न पाएनन् । तर यहोशू र कालेब अर्कै किसिमका मानिस थिए ! तिनीहरूले परमेश्वरको प्रतिज्ञालाई बलियो गरी पक्रे र केवल यति विश्वास गरे कि परमेश्वरले जे भन्नुभएको छ त्यो उहाँले पूरा गर्न सक्नुहुन्छ ! तिनीहरूले चाहिँ आशिष पाए !

## गन्तीको चाबी पद

गन्तीको पुस्तकको मूल विषय हो, **अविश्वास** ! इस्राएलका सन्तानहरूले परमेश्वरलाई विश्वास गरेनन् र यसैकारण गन्तीको पुस्तकले हामीलाई ३८ वर्ष लामो उजाडस्थानको यात्राको बारेमा बताउँदछ (विश्वास नगर्ने अन्तिम व्यक्ति मरेर जान त्यति समय लाग्यो) । गन्ती १४:२९–३०) ।

पुस्तकको चाबी पद यही अविश्वाससित सम्बन्धित छ । त्योचाहिँ गन्ती १४:११ मा भेटिन्छ – "यिनीहरूले कतिसम्म ममाथि ______________ गर्नेछन् ? " परमेश्वर आफैंले यो प्रश्न गर्नुभएको हो ! बारम्बार परमेश्वरका जनहरूले परमेश्वरको प्रतिज्ञालाई विश्वास गर्न मानेनन् । यिनै व्यक्तिहरूको बारेमा हामी हिब्रू ३:१९ मा पढ्छौं – "यसकारण हामी देख्दछौं, ________________को कारणले तिनीहरू प्रवेश गर्न सकेनन् । " इस्राएलका सन्तानहरू प्रतिज्ञाको देशभित्र पस्न सकेनन् किनभने तिनीहरूले परमेश्वरको प्रतिज्ञालाई विश्वास गर्न मानेनन् ! परमेश्वरले उनीहरूलाई एक असल देश दिनुहुने असल प्रतिज्ञा गर्नुभएको थियो, तर उक्त प्रतिज्ञाले उनीहरूलाई कुनै फाइदा गरेन । किन फाइदा गरेन (हिब्रू ४:१–२ मा हेर्नुहोस्) ? ________________________________________

कहिलेसम्म हामी पनि परमेश्वरलाई विश्वास नगरी बस्ने ? के हामी पनि हाम्रो अविश्वासको कारणले परमेश्वरले दिन चाहनुभएका कुराहरूदेखि बञ्चित छौं कि ? के हामी परमेश्वरका आशिषहरूदेखि बञ्चित छौं ? के हामी विश्वासद्वारा हिड्दैछौं कि हामीलाई आइपर्ने हरेक सानातीना समस्याले गर्दा हामी फिक्रीमा डुब्ने गर्छौं ? के परमेश्वर हामीले सामना गर्नु परेका हाम्रा समस्याहरूभन्दा ठूलो हुनुहुन्छ कि ती समस्याहरू परमेश्वरभन्दा ती बडेमाका मानिसहरू जत्रा ठूला देखिन्छन् ? त्यतिका हजारौंमध्येबाट दुईजनाले मात्रै परमेश्वरलाई विश्वास गरे । आज हामीलाई यहोशू र कालेबजस्ता मानिसहरूको खाँचो छ ! परमेश्वरले तपाईंलाई दिनुभएका थुप्रैमध्ये केही प्रतिज्ञाहरू के–के हुन् ? परमेश्वरले हामीलाई

© Wordoftruth Publishing (2010) – *wordoftruth.com.np*

प्यालेस्टाइनको भू–भाग दिने प्रतिज्ञा गर्नुभएको त छैन तर आजका विश्वासी जनहरूका लागि उहाँले के–कस्ता प्रतिज्ञाहरू दिनुभएको छ ? के तपाईंले ती प्रतिज्ञाहरूलाई पक्रेर तिनलाई व्यक्तिगत बनाउने अठोट गर्नुभएको छ ?

# व्यवस्था – मोशाको व्यवस्था सम्बन्धी परमेश्वरको टिप्पणी

उजाडस्थानमा ३८ वर्ष बितेपछि विश्वास नगर्ने अन्तिम व्यक्तिको मृत्यु भयो । पुरानो पुस्तामध्येबाट केवल यहोशू, कालेब र मोशा मात्र जीवित थिए । बाँकी सबै कम उमेरका थिए किनभने पहिलो गणना गरिँदा उनीहरू २० वर्ष पुगेकै थिएनन् । कम उमेरका पुस्ता यिनै थिए । इस्राएलका सन्तानहरूले लाल समुद्रलाई पार गर्दा यिनीहरूमध्ये कतिचाहिँ युवा थिए । त्यसबेला अरुचाहिँ बच्चै थिए । अनि कति त जन्मेका पनि थिएनन् । व्यवस्थाको पुस्तकको सुरुमा हामी इस्राएलले लाल समुद्र पार गरेको करिब ४० वर्ष पछाडिको घटना पढ्दछौं । त्यतिखेर नयाँ पुस्ता हुर्केर बढिसकेको थियो र पुरानो पुस्ता मरेर गइसकेको थियो ।

## पुस्तकको नाम

यहाँ नयाँ पुस्तालाई दोस्रो पटक परमेश्वरको व्यवस्था दिइएकोले यस पुस्तकलाई "व्यवस्था" (अङ्ग्रेजीमा Deuteronomy को अर्थ दोस्रो व्यवस्था हुन्छ) । निकै वृद्ध भइसकेका मोशाले यस पुस्तालाई होशियारसित व्यवस्थालाई दोहोऱ्याएर सुनाउँछन् र त्यसको व्याख्या गर्छन् । यी मानिसहरू प्रतिज्ञाको देशभित्र पस्नेवाला थिए । पुरानो पुस्ता प्रतिज्ञाको देशभित्र पस्न पाएनन् ।

आज पनि व्यवस्थाहरू (नियम–कानूनहरू) नयाँ पुस्तालाई बयान गरिदिन, दोहोऱ्याएर सिकाउन आवश्यक पर्छ । यो कुरा देशका नियम कानूनहरूको सवालमा पनि साँचो हुन्छ । देशको संविधानलाई हरेक पुस्ताले बुझ्नु खाँचो पर्छ । संविधान लेख्ने व्यक्तिहरूको पुस्ताका मानिसहरूले संविधानलाई सायद राम्रो गरी बुझ्न सक्लान् । परमेश्वरले सीनै पर्वतमा आफ्नो व्यवस्था दिनुहुँदा पनि त्यस्तै थियो । परमेश्वरले मोशालाई व्यवस्था दिनुहुँदा नयाँ पुस्ताचाहिँ उपस्थित थिएनन् (यदि उपस्थित थिए भने तिनीहरू कि युवा कि बच्चै थिए) । मोशाले तिनीहरूलाई परमेश्वरको व्यवस्था नयाँ र ताजा किसिमले सिकाइदिनु आवश्यक थियो । अनि मोशाले ठीक त्यसै गरे !

साथै, व्यवस्थाको पुस्तक मोशाले लेखेको अन्तिम पुस्तक हो । यस पुस्तकमा इस्राएलका सन्तानहरूसित मोशाले बोलेका उनका **आखिरी वचनहरू** पाउँछौं । मोशाको मृत्युको साथसाथै पुस्तकको पनि अन्त हुन्छ । त्यसैले हामी यस पुस्तकमा आफू मर्नुअघि मोशाले बोलेका उनका आखिरी वचनहरू पढ्दछौं ।

## सबैभन्दा ठूलो आज्ञा

मत्ती २२:२६–२८ मा येशूले पहिलो र सबभन्दा ठूलो आज्ञा के हो भनेर भन्नुभयो ? यो आज्ञा व्यवस्थाको छैटौं अध्यायमा भेटिन्छ । कुनचाहिँ पदमा ? _________

मानिसले परमेश्वरप्रति आफ्नो प्रेम कसरी प्रकट गर्दछ ? निम्न पदहरू पढ्नुहोस् । यी सबै पदहरूले परमेश्वरलाई प्रेम गर्ने कुरा गर्दैछन् । परमेश्वरलाई प्रेम गर्ने कुरा उल्लेख गरेपछि हरेक पदले के भन्दछ ?

व्यवस्था ५:१० ____________________________________

व्यवस्था ७:९ ____________________________________

व्यवस्था ११:१ ____________________________________

त्यसैले एक व्यक्तिले परमेश्वरलाई आफ्नो प्रेम कसरी देखाउँदछ ? ________________________________________ ________________________ । यूहन्ना १४:१५,२१,२३ मा के येशूले पनि यही कुरा बताउनुभयो ? ______________ । व्यवस्थाको पुस्तकमा एउटा मूल विषय यही हो: **आज्ञापालन** । हामीले परमेश्वरलाई हाम्रो प्रेम उहाँको आज्ञापालन गरेर र उहाँले भन्नुभएको कुरालाई मानेर नै देखाउँदछौं ।

परमेश्वरको आज्ञा पालन गर्न सक्न अगाडी हामीले पहिला मुक्ति पाउनु खाँचो छ ! एउटा मुक्ति नपाएको व्यक्तिले यो महसूस गर्नैपर्छ: "म परमेश्वरको आज्ञापालन गर्न असफल भएको छु ! म परमेश्वरलाई आफ्नो सारा हृदयले प्रेम गर्न

© Wordoftruth Publishing (2010) – *wordoftruth.com.np*

असफल भएको छु । मैले परमेश्वरका आज्ञाहरू उल्लङ्घन गरेको छु । म व्यवस्था भङ्ग गर्ने एउटा दोषी व्यक्ति हुँ ! " तर मुक्ति नपाएको र दोषी व्यक्तिको निम्ति त्यहाँ एउटा खुशीको खबर छ ! येशू ख्रीष्ट पापीहरू र व्यवस्था भङ्ग गर्नेहरूलाई बचाउनालाई संसारमा आउनुभयो (१ तिमोथी १:१५) । मुक्ति नपाएको व्यक्तिले पालन गर्नुपर्ने सबैभन्दा पहिलो आज्ञा के हो (१ यूहन्ना ३:२३ को पहिलो भागलाई हेर्नुहोस्) ? ______________________________________________ । के तपाईंले त्यसो गर्नुभएको छ ? जब मुक्ति नपाएको व्यक्तिले यो पहिलो आज्ञा पालन गर्दछ, तब नै उसले मुक्ति पाउँदछ ! तब उसले परमेश्वरका अरु आज्ञाहरू पालन गर्न सिक्न थाल्दछ ! के तपाईं आज्ञा पालन गर्न सिक्दै हुनुहुन्छ ?

## आशिष र श्राप

व्यवस्थाको पुस्तकको चाबी खण्ड व्यवस्था ११:२६–२८ मा भेटिन्छ । परमेश्वरका जनहरूले आशिष र श्राप, दुइटामा एउटा रोज्नैपर्छ (पद २६) । के गरे भने उनीहरूले आशिष पाउँछन् (पद २७) ? ______________________ । के गरे भने उनीहरूले श्राप पाउँछन् (पद २८) ? _________________________ । आज पनि परमेश्वरका जनहरूले दुइटामा एउटा रोज्नैपर्छ:

*"आज्ञा मान, भरोसा गर*
*अरु उपाय छैन, ख्रीष्टमा खुशी हुन ! "*

परमेश्वरले भन्नुभएको कुरा मान्नु नै विश्वासीको प्राणको लागि सबैभन्दा उत्तम औषधी हो ! परमेश्वरबाट तपाईं कुनचाहिँ चाहनुहुन्छ ? उहाँको आशिष कि उहाँको श्राप ?

## येशू नै सिद्ध नमूना हुनुहुन्छ

येशूले सिद्धरूपमा परमेश्वरको आज्ञापालन गर्नुभयो ! येशूले सिद्धरूपमा व्यवस्थाको पुस्तकमा भएका सबै आज्ञाहरू पालन गर्नुभयो । शैतानले उहाँलाई परीक्षा गर्दा, उहाँले तीन–तीन पटक व्यवस्थाको पुस्तकलाई उद्धृत गर्नुभयो ("यो लेखिएको छ", "यो लेखिएको छ", "यो लेखिएको छ" – हेर्नुहोस् मत्ती ४:४,७,१०) । मानिस रोटीले मात्र बाँच्दैन भनी बताउने व्यवस्था ८ अध्यायको पद भेट्टाउन सक्नुहुन्छ ? पद ______ । व्यवस्था ६ अध्यायको कुन पदमा हामीले परमप्रभुलाई परीक्षा गर्नुहुँदैन अथवा उहाँको जाँच गर्नुहुँदैन भनेर बताइएको छ ? पद ______ । मानिसले परमप्रभुको मात्र उपासना गर्नुपर्छ र भय मान्नुपर्छ भनेर बताउने व्यवस्था ६ अध्यायको पद कुन हो ? पद _______

* * * * * * *

**एक पुनरावलोकन:** **(१) उत्पत्ति** – म नयाँ गरी जन्में ! म एक नयाँ सृष्टि हुँ (२ कोरिन्थी ५:१७) ! **(२) प्रस्थान** – परमेश्वरले मलाई पापको भयङ्कर दासत्वबाट छुटाउनुभयो (यूहन्ना ८:३२–३६) ! **(३) लेवी** – ख्रीष्टको बलिदानको कारणले म पवित्र परमेश्वरको उपासना गर्न सक्दछु (१ पत्रुस ३:१८) । **(४) गन्ती** – मैले परमेश्वरका प्रतिज्ञाहरूलाई विश्वास गर्नुपर्दछ । **विश्वास** चाबी कुरा हो (हिब्रू ३ र ४) । **(५) व्यवस्था** – मैले परमेश्वरका आज्ञाहरू पालन गर्नुपर्दछ । **आज्ञापालन** चाबी कुरा हो (यूहन्ना १४:१५,२१,२३) !

थुप्रै नेपाली बाइबल अध्ययन सामग्री पाइने वेबसाइटः ***wordoftruth.com.np***

यस लेखको नेपाली रूपान्तरको सर्वाधिकार सुरक्षित प्रकाशकमा - © Wordoftruth Publishing (2010)